# गैडहवा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
## विष्णुपुरा रुपन्देही

**बिद्यालयको जग्गा बाट घर गोठ हटाई जग्गा खाली गराउने सूचना ।**

प्रथम पटक प्रकाशित : २०७७।०५।१६

प्रस्तुत बिषयमा यस गा पा अन्तर्गत बार्ड नं. ८ मा स्थित श्री जनता आधारभुत बिद्यालयको च न ०८ मिति २०७७।५।१४ र गैडहवा गा पा वडा नं.८ को च नं.५७ मिति २०७७।५।१४को प्राप्त पत्रानुसार मिति २०६२ साल देखि बिद्यालयको जग्गामा तपाईं रामवती पुनले अतिकमण गरी घर गोठ बनाइ बसेको र सो जग्गा खाली गराउन पटक-पटक बैठक तथा भेला गरी छोड्न लगाउँदा समेत न मानी आफु स्वयमले बिद्यालयलाई प्रतिवादी बनाई जिल्ला अदालत भैरहवामा मुद्दा समेत दिएको र उक्त मुद्दा मिति २०७६ फागुन १४ गते बिद्यालयको पक्षमा फैसला समेत भएता पनि निज रामवती पुनले सो जग्गा खाली गर्न न मानेको र सो जग्गा बाट घर गोठ हटाउन लेखि आएको हुनाले उक्त जग्गा **जिल्ला अदालत रुपन्देहीको फैसला मिति २०७६/११/१४, फैसला प्रमाणिकरण मिति २०७७/०२/२०, फैसला मुद्दा नं.२०७५ सालको CP-१९९७ र वडा नं.८ को च नं.५७ मिति २०७७।५।१४को पत्रको** आधारमा उक्त जग्गा बिद्यालयको ठहर भएको हुनाले यस **गैडहवा गाँउकार्यपालिकाको मिति २०७७।५।१५को बैठकको निर्णय अनुसार तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४१ बमोजिम** सो जग्गामा भएको घर गोठ हटाउनका लागि ३५ दिने सुचना जारी गरीएको छ । उक्त समय भित्र तपाई रामवती पुनले उक्त जग्गा खाली नगरेमा गा पा बाट खाली गराउदा सो मा लाग्ने खर्च असुल उपर गरिने गरी यो सुचना जारी गरीएको छ ।

२०७७।५।१६

चिरन्जिवि घिमिरे
प्रमुख प्रशासकीय अधिकृत